"व्यवहारमा परिवर्तन, कार्यसम्पादनमा सुधार"

# गण्डकी प्रदेश प्रशिक्षण प्रतिष्ठान

नदीपुर, पोखरा, गण्डकी प्रदेश, नेपाल

चौमासिक बुलेटिन | वर्ष २ | अंक २ | (२०७८ मंसिर-फागुन)

## यस अङ्कमा......

- प्रतिष्ठानको दुई वर्ष
- सेवाकालीन तालिम सम्पन्न
- संघीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका विषयक सम्वाद
- स्थानीय तहमा लैससास मूलप्रवाहिकरण
- क्षमता विकास कार्यक्रम सम्बन्धी गतिविधिहरु
- स्थानीय तहका योजना तर्जुमामा सहयोग
- प्रतिष्ठानको संस्थागत विकास

## प्रतिष्ठानको दुई वर्षका प्रमुख उपलब्धीहरू

### संस्थागत विकास तर्फ

- रणनैतिक योजना (२०७७/०७८-२०८१/८२) तर्जुमा र कार्यान्वयन
- प्रशिक्षण तथा अनुसन्धान सम्बन्धी नीति निर्माण र कार्यान्वयन
- प्रतिष्ठानको नियमावली तथा कर्मचारी प्रशासन विनियम निर्माण
- प्रतिष्ठानको बहु-उद्देश्यीय आधुनिक भवन निर्माणाधिन
- ISO प्रमाणिकरणको तयारी अन्तिम चरणमा (आन्तरिक परीक्षण सम्पन्न)

### सेवा प्रवाह/कार्यक्रम

- रा.प.अनं.प्रथम/द्वितीय श्रेणी तथा सहायकस्तर चौथो/पाँचौं तह र अधिकृतस्तर छैठौं, सातौं र आठौं तहका कर्मचारीका लागि सेवाकालीन तालिम पाठ्यक्रम निर्माण
- २ सय २८ जना सहायकस्तरका कर्मचारीहरुलाई ३० कार्यदिने सेवाकालीन तालिम प्रदान
- सार्वजनिक सेवामा प्रवेश गरेका ३ सय जना कर्मचारीलाई सेवा प्रवेश तालिम प्रदान
- अन्तरसरकार सम्बन्ध सम्बन्धी अन्तर्राष्ट्रिय अभ्यास/अनुभव आदान प्रदान (दक्षिण अफ्रिका, स्पेन र अष्ट्रेलिया) र गण्डकी प्रदेशको सन्दर्भमा अनुसन्धान कार्य सम्पन्न

### पि.एल.जि.एस.पि. अन्तर्गत कार्यक्रम कार्यान्वयन

- ४८ स्थानीय तहमा आवधिक योजना तर्जुमा सहयोग
- प्रदेश र स्थानीय तहका लागि २ सय ३४ वटा तालिम सम्पन्न, ९ हजार १ सय ९० जना जनप्रतिनिधि र कर्मचारीहरु प्रशिक्षित
- गण्डकी प्रदेशका सबै स्थानीय तहमा संस्थागत क्षमता स्वमूल्याङ्कन र ५४ स्थानीय तहमा लैससास परीक्षण सम्पन्न

## सेवाकालिन तालिम सम्पन्नः ११२ जना कर्मचारी दीक्षित

चालु आ.व. २०७८/७९ को दोस्रो चौमासिकमा संघ, प्रदेश र स्थानीय तहमा कार्यरत राजपत्र अनंकित प्रथम तथा द्वितीय श्रेणी एवम् सहायकस्तर चौथो/पाँचौं तहका कर्मचारीहरुका लागि ३० कार्यदिने सेवाकालिन तालिमहरु वार्षिक लक्ष्य अनुरूप सबै सम्पन्न भएका छन् । प्रतिष्ठानबाट पहिलो चरणमा (कार्तिक १९ देखि पुस ४ सम्म) २ समूह र दोस्रो चरणमा (पुस १९ देखि माघ २४ सम्म) २ समूह गरी जम्मा ४ समूहमा सञ्चालन भएको थियो । चारवैट समूहमा




गरी जम्मा १ सय १२ जना प्रशिक्षार्थीहरुले प्रष्ठिानको मूल्याङ्कन प्रणाली अनुसार प्रथम श्रेणीमा सफलतापूर्वक उत्तीर्ण गरी दीक्षित भएका छन् । कूल प्रशिक्षार्थीहरु मध्ये पुरूष ८२ जना अर्थात् ७० प्रतिशत र महिला २७ जना अर्थात् ३० प्रतिशत सहभागी रहेका थिए । विभिन्न १० मोड्युलहरुमा विभाजन गरिएको पाठ्यक्रम र सोही अनुसारको विषयवस्तुमा आधारित रही सहजिकरणका लागि संघीय सरकार र प्रदेश सरकारमा कार्यरत विषय विज्ञ कर्मचारी, परामर्शदाता, आयोग तथा विश्वविद्यालयका विज्ञ पदाधिकारी एवम् प्राध्यापक र प्रतिष्ठानका आन्तरिक सहजकर्ता गरी कूल ३५ जना सहजकर्ताहरु परिचालन गरिएको थियो । कोभिड महामारीको बढ्दो जोखिमका कारण साविकको प्रशिक्षण प्रणालीलाई संशोधन गरी दोस्रो चरणको प्रशिक्षण कार्यक्रम तथा परीक्षा समेत भर्चुअल माध्यमबाट सम्पन्न गरिएको थियो ।

## संघीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका विषयक संवाद कार्यक्रम

गण्डकी प्रदेशमा संघीयता कार्यान्वयनमा प्रदेश सरकारको भूमिका एवम् प्रदेश सरकारले हालसम्म निर्माण गरेका कानूनहरुको बारेमा सरोकारवालाहरुलाई जानकारी दिन तथा उक्त कानूनको कार्यान्वयनको अवस्थाका विषयमा एक दिवसीय अन्तरक्रिया कार्यक्रम यही पौष




विस्तृत जानकारीका लागि :
फोनः +९७७-६१५२१०८२, ५२०१४६ इमेलः academy.gandaki@gmail.com वेभसाइटः www.gpta.gov.np

२१ गते पोखरामा सम्पन्न भयो । प्रतिष्ठान र मुख्यन्यायाधिवक्ताको कार्यालयको संयुक्त आयोजनामा सम्पन्न उक्त कार्यक्रममा प्रदेशमा निर्माण/जारी भएका कानूनहरु एवम् सोको कार्यान्वयनको अवस्था, नेपालमा वित्तीय संघीयता तथा सोको कार्यान्वयनमा गण्डकी प्रदेश सरकारको भूमिका, र संघीयता कार्यान्वयन एवम् प्रदेशको कानून निर्माण तथा कार्यान्वयन प्रक्रियामा सरोकारवाला निकाय/पक्षहरुको भूमिकाको बारेमा अन्तरक्रिया भएको थियो । प्रदेश सरकारका माननीय मुख्यमन्त्री कृष्णचन्द्र नेपाली पोखरेलको प्रमुख आतिथ्यतामा सम्पन्न सो गोष्ठीमा विशेष अतिथिको रूपमा माननीय कानून, सञ्चार तथा प्रदेश सभा मामिला मन्त्री बिन्दु कुमार थापा एवम् उच्च अदालत पोखराका मुख्यन्यायाधिश माननीय रमेश कुमार श्रेष्ठ लगायतका अतिथिहरुबाट मन्तव्य राखिएको थियो । गोष्ठीमा १९ जना महिला सहित ९९ जना महानुभावहरुको सहभागिता रहेको थियो ।

## स्थानीय तहमा लैससास मूलप्रवाहिकरण

### लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी अभिमुखिकरण

यस चौमासिक अवधिमा लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी ४ वटा अभिमुखिकरण तथा अन्तरक्रिया कार्यक्रमहरु सम्पन्न भएका छन् । गण्डकी प्रदेशका ८५ वटै स्थानीय तहका उपप्रमुख/उपाध्यक्ष, महिला, बालबालिका शाखा र योजना शाखाका कर्मचारीहरु बीच अभिमुखिकरण गरिएको छ । कार्यक्रममा लैङ्गिक उत्तरदायी बजेट सम्बन्धी नीतिगत व्यवस्था, यसको आवश्यकता, लैङ्गिक उत्तरदायी योजना तथा बजेट निर्माणमा जनप्रतिनिधिको भूमिका र जिम्मेवारी साथै लैङ्गिक उत्तरदायी बजेटका सूचक एवम् उपसूचकहरुको बारेमा अभिमुखिकरण गराउनुका साथै आ-आफ्नो स्थानीय तहको वार्षिक योजना र बजेटको लैङ्गिक उत्तरदायी अवस्था के कस्तो रहेछ ? भनी स्वविश्लेषणको अभ्यास समेत गराइएको थियो । उक्त कार्यक्रममा ३३ पुरूष र ९७ महिला गरी जम्मा १३० जनाको सहभागिता रहेको थियो । कार्यक्रम पश्चात् अधिकांस स्थानीय तहहरुले चालु आर्थिक वर्षको योजना र बजेट पुनरावलोकन गरी लैङ्गिक उत्तरदायी बनाएका छन् ।

### स्थानीय तहमा लैससास परीक्षण

स्थानीय तहमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) को प्रवर्द्धन गर्दै स्थानीय शासन प्रणालीमा संस्थागत गर्न टेवा पुऱ्याउने उद्देश्यले यस आ.व.मा गण्डकी प्रदेशका ८५ वटा स्थानीय तहमा लैससास परीक्षण सम्पन्न गर्ने लक्ष्य लिइएको छ । यस चौमासिक अवधिमा सम्पन्न भएका २६ वटा स्थानीय तह गरी हालसम्म जम्मा ४५ वटा स्थानीय तहमा लैससास परीक्षण सम्पन्न भएको छ । परीक्षणको क्रममा जनप्रतिधि तथा कर्मचारीहरुलाई लैससास परीक्षणको परिचय, विधि, प्रक्रिया, आवश्यकता र औचित्यको बारेमा अभिमुखिकरण गरिएको थियो । विभिन्न सूचकमा आधारित भई लैससासको अवस्था विश्लेषण गरी अङ्क प्रदान गर्नुका साथै विद्यमान समस्या तथा चुनौतिहरुको पहिचान गरिएको थियो । साथै सोसँग सम्बन्धित रहेर कार्ययोजना तर्जुमा समेत गरिएको थियो । उक्त परीक्षणहरुमा ५ सय ३८ पुरूष र ५ सय १५ महिला गरी कूल १ हजार ५३ जनालाई अभिमुखिकरण गरिएको छ ।

### लैगिक हिंसा विरुद्धको १६ दिने अभियान

हरेक वर्ष जस्तै यो वर्ष पनि नोभेम्बर २५ देखि डिसेम्बर १० सम्म स्थानीय तहहरुसँगको समन्वय र सहकार्यमा लैंगिक हिंसा र रोकथामसँग सम्बन्धित विभिन्न अभियानमुखी सचेतनामूलक गतिविधिहरु सम्पन्न भएका छन् । "लैङ्गिक हिंसा न्यूनीकरणका लागि नेतृत्व विकास" को आवश्यकता महसुश गरी कास्की जिल्लाको मादी, रूपा र माछापुच्छ्रे गाउँपालिकामा २ दिने अभिमुखिकरण कार्यक्रम गरिएको थियो । उक्त कार्यक्रममा स्थानीय जनप्रतिनिधि, टोल विकास समितिका पदाधिकारी, महिला सहकारी तथा सञ्जालका सदस्यहरुको सहभागिता रहेको थियो । उक्त कार्यक्रमहरुमा १ सय २५ जना पुरूष र १ सय ४९ जना महिला गरी कूल २ सय ७४ जनाको सहभागिता रहेको थियो । त्यसैगरी लैङ्गिक हिंसा विरूद्धको १६ दिने अभियान मनाउँने सन्दर्भमा गण्डकी प्रदेश शिक्षा, संस्कृति, विज्ञान प्रविधि तथा सामाजिक विकास मन्त्रालय र प्रतिष्ठानको संयुक्त आयोजनामा नवलपरासी (व.सु.पू.) जिल्लामा "जिल्लाको लैङ्गिक हिंसाको अवस्था र हिंसा पिडीतका सवालहरु" विषयमा एक दिवसीय जिल्ला स्तरीय अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रममा पिडीतहरु स्वयम्ले आफ्ना सवाल र समस्याहरु राखेका थिए भने सम्बन्धित् सरोकारवालाहरुले सवाल माथि सम्बोधन गरेका थिए । कार्यक्रममा ५० जना पुरूष र १ सय ५० जना महिलाको सहभागिता रहेको थियो ।

## क्षमता विकास कार्यक्रम सम्बन्धी गतिविधिहरु

### Server Technology तथा G–Cloud सम्बन्धी तालिम

गण्डकी प्रदेश अन्तरगतका सरकारी कार्यालयहरुमा विद्युतीय तथ्याङ्क तथा अभिलेखहरुको सुरक्षा गर्ने, विद्युतीय सेवाप्रवाहरुलाई प्रभावकारी बनाई कार्यालयको समग्र शासन प्रणालीलाई प्रभावकारी, सुव्यवस्थित



र नतिजामुखी बनाउने, कार्यालयमा सर्भर सिस्टम स्थापना, सञ्चालन र व्यवस्थापन गर्न सहजिकरण गर्ने सम्बन्धमा यस प्रतिष्ठानबाट सर्भर टेक्नोलोजी र गभर्मेन्ट क्लाउड सम्बन्धी ४ दिवसीय पाँचवटा तालिमहरु सम्पन्न भएका छन् । सूचना प्रविधि अधिकृतहरुका लागि लक्षित यी तालिमहरुमा संघ तथा प्रदेश तहका लागि १ कार्यक्रम गत मंसिर महिनामा र स्थानीय तहका लागि ४ कार्यक्रमहरु माघ र फागुन महिनामा सम्पन्न भएका छन् । प्रदेश स्तरीय तालिम कार्यक्रममा प्रदेश सरकार अन्तरगतका मन्त्रालय, निर्देशनालय, प्रतिष्ठान, आयोग लगायत २५ वटा निकाय/कार्यालयहरुबाट ८ महिला सहित जम्मा २७ जनाको सहभागिता रहेको थियो भने स्थानीय तहका लागि सञ्चालित कार्यक्रममा ७३ स्थानीय तहका ७ जना महिला सहित कूल ७३ जना कर्मचारीहरु सहभागी रहेका थिए ।

**विस्तृत जानकारीका लागि :**
फोनः +९७७-६१५२१०८२, ५२०१४६ इमेलः academy.gandaki@gmail.com वेभसाइटः www.gpta.gov.np

## सार्वजनिक खरिद व्यवस्थापन सम्बन्धी तालिम

सार्वजनिक निकायको खरिद प्रक्रियालाई व्यवस्थित, पारदर्शी र प्रतिस्पर्धात्मक बनाई सार्वजनिक खरिद ऐन तथा नियमावली लगायत प्रचलित खरिद कानून एवम् प्रकृयाको बारेमा संघ, प्रदेश तथा स्थानीय तहमा कार्यरत कर्मचारीहरुका लागि ३ दिने सार्वजनिक खरिद व्यवस्थापन तालिम ५ वटा सम्पन्न भएका छन् । यी तालिमहरु गण्डकी प्रदेशका सबै स्थानीय तहमा खरिद प्रक्रियामा संलग्न हुने कर्मचारीहरुका लागि लक्षित रहेका थिए । कूल ५ वटा तालिम कार्यक्रमहरु मध्ये यस चौमासिक अवधिमा दुई वटा सम्पन्न भएका छन् । उक्त तालिमहरुमा ५ जना महिला कर्मचारी तथा ५५ पुरूष कर्मचारी गरी जम्मा ६० जना कर्मचारीहरुको सहभागिता रहेको थियो । त्यस्तै गरी प्रदेशस्तरीय ३ वटा तालिम कार्यक्रमहरु माघ महिनामा सम्पन्न भएका छन् । प्रदेशस्तरीय तालिममा १६ महिला र ४२ पुरूष सहित जम्मा ६२ जनाको सहभागिता रहेको थियो । तालिमलाई सहजिकरण प्रदेश लेखा नियन्त्रक कार्यालय, कोष तथा लेखा नियन्त्रकको कार्यालय, पूर्वाधार विकास निर्देशनालय तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयका विज्ञहरुलाई स्रोतव्यक्तिका रूपमा परिचालन गरिएको थियो ।

## एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली सम्बन्धी तालिम

स्थानीय तहमा शिक्षा क्षेत्रको तथ्याङ्कको सही र वैज्ञानिक व्यवस्थापनका लागि शिक्षा विभागबाट एकीकृत शैक्षिक सूचना व्यवस्थापन प्रणाली (EMIS) सम्बन्धी सफ्टवयर कार्यान्वयनमा ल्याइएको छ । सोको प्रभावकारी कार्यान्वयका लागि स्थानीय तहका शिक्षा शाखाका प्रमुखलाई लक्षित गरी २ दिवसीय ३ वटा तालिम फाल्गुन महिनामा सम्पन्न भएका छन् । गण्डकी प्रदेशका सबै ८५ स्थानीय तहबाट प्रतिनिधित्व भएको उक्त तालिममा १२ महिला र ८२ पुरूष गरी कूल ९४ जनाको सहभागिता रहेको थियो ।

## सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) सम्बन्धी तालिम

सार्वजनिक कार्यालयहरुमा रहेका सम्पत्तिलाई व्यवस्थित र चुस्तदुरूस्त बनाई राख्नका लागि संघीय सरकारले गत आर्थिक वर्षदेखि नै अनिवार्य गरिसकेको सार्वजनिक सम्पत्ति व्यवस्थापन प्रणाली (PAMS) लाई प्रदेश तथा स्थानीय तहमा समेत कार्यान्वनमा ल्याउन सहजिकरण गर्ने उद्देश्यले तालिम आयोजना गरिएको थियो । गण्डकी प्रदेशका सम्पूर्ण स्थानीय तहलाई लक्षित गरिएका ३ वटा तालिमहरु मंसिर महिनामा सम्पन्न भएका छन् । स्थानीय तहका लागि आयोजना गरिएका तालिमहरुमा ११ महिला र ७० पुरूष गरी कूल ८१ जनाको सहभागिता रहेको थियो । त्यस्तै गरी प्रदेश सरकार अन्तर्गतका मन्त्रालय तथा प्रदेश मातहतका कार्यालयहरुमा कार्यरत कर्मचारीहरुका लागि २ वटा तालिम गत पौष र माघ महिनामा सम्पन्न भएका छन् । उक्त तालिममा ७ महिला र ३८ पुरूष गरी जम्मा ४५ जनाको सहभागिता रहेको थियो । महालेखा नियन्त्रकको कार्यालय, प्रदेश लेखा नियन्त्रकको कार्यालय र कोष तथा लेखा नियन्त्रकको कार्यालय, कास्कीका स्रोतव्यक्तिहरुबाट तालिममा सहजिकरण भएको थियो ।

## अनुगमन-मूल्याङ्कन प्रणाली सम्बन्धी तालिम

प्रदेश सरकारका कार्यक्रम तथा परियोजनाहरुको सुपरीवेक्षण, अनुगमन तथा सरोकारवालाहरुसँग समन्वय गर्ने प्रयोजनका लागि गण्डकी प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले सञ्चालनमा ल्याएको अनलाइन अनुगमन-मूल्याङ्कन प्रणालीलाई प्रदेश अन्तर्गतका



कार्यालयहरुमा कार्यान्वयनमा ल्याउन योजना शाखा र सूचना प्रविधिसँग सम्बन्धित कर्मचारीहरुका लागि एक दिवसीय तालिम गत फागुन महिनामा पोखरामा दुई समूहमा सञ्चालन गरिएको थियो । उक्त तालिममा प्रदेश सरकार मातहतका निर्देशनालयहरु तथा कास्की, तनहुँ, स्याङ्जा र गोरखा जिल्लाका विभिन्न कार्यालयहरु गरी कूल २८ कार्यालयहरुबाट १५ महिला सहित ४७ जना कर्मचारीहरुको सहभागिता रहेको थियो । मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको अनुगमन-मूल्याङ्कन प्रणालीसँग सम्बन्धित प्राविधिक कर्मचारीबाट तालिममा सहजिकरण भएको थियो ।

## आन्तरिक नियन्त्रण प्रणाली सम्बन्धी तालिम

गण्डकी प्रदेश सरकार मातहत र प्रदेशमा रहेका सरकारी/सार्वजनिक निकायहरुमा आन्तरिक नियन्त्रण प्रणाली र आन्तरिक लेखापरीक्षणलाई आन्तरिकीकरण गर्न सम्बन्धित कार्यालयका प्रशासन तथा लेखा शाखाका कर्मचारीहरुलाई लक्षित गरी दुई दिवसीय तालिम गत फागुन १५ र १६ गते पोखरामा सञ्चालन भएको छ । तालिममा कास्की, तनहुँ, स्याङ्जा, गोरखा, पर्वत, लम्जुङ, मनाङ, मुस्ताङ र म्याग्दी जिल्लास्थित कूल २० वटा कार्यालयहरुबाट २ जना महिला कर्मचारी सहित २६ जना कर्मचारीहरुको सहभागिता रहेको थियो ।

## राष्ट्रिय भवन संहिता सम्बन्धी तालिम

स्थानीय तहमा राष्ट्रिय भवन संहिताको प्रभावकारी कार्यान्वयनका लागि नेपाल सरकारद्वारा जारी गरिएको राष्ट्रिय भवन संहिता १०५:१९९४ र अध्यावधिक राष्ट्रिय भवन संहिता १०५:२०२० मा भएका कानूनी,



नीतिगत, संस्थागत, सैद्धान्तिक र व्यवहारिक पक्षका बारेमा सुसूचित गर्ने अभिप्रायले गण्डकी प्रदेश अन्तरगतका ८५ स्थानीय तहमा कार्यरत प्राविधिक कर्मचारीहरुका लागि लक्षित गरी तीन दिवसीय पाँचवटा तालिम सम्पन्न भएका छन् । उक्त तालिमहरुमा १४ महिला र १ सय १३ पुरूष गरी कूल १ सय २७ जना प्राविधिक कर्मचारीहरुको सहभागीता रहेको थियो ।

## वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना सम्बन्धी अभिमुखिकरण

स्थानीय तहमा वित्तीय सुशासन प्रवर्द्धन गर्ने उद्देश्यले स्थानीय तहका जनप्रतिनिधि तथा कर्मचारीहरुलाई लक्षित गरी वित्तीय जोखिम न्यूनीकरण सम्बन्धी तीन दिवसीय अभिमुखीकरण कार्यक्रम

मनाङ र मुस्ताङ बाहेकका ९ जिल्लामा सम्पन्न भएका छन् । उक्त अभिमुखिकरण कार्यक्रममा ७६ स्थानीय तहका जनप्रतिनिधि र कर्मचारीहरुको प्रतिनिधित्व रहेको थियो । सम्बन्धित् जिल्ला समन्वय समितिको समन्वयमा आयोजित उक्त कार्यक्रममा वित्तीय जोखिम न्यूनीकरण कार्ययोजना निर्माण र कार्यान्वयनका लागि समयवद्ध कार्ययोजना समेत निर्माण गरिएको थियो । कूल ३ सय ५९ जनाको सहभागिता रहेको उक्त कार्यक्रममा ८३ जना जनप्रतिनिधि र बाँकी २ सय ७६ जना कर्मचारीहरु रहेका थिए । कार्यक्रम पश्चात् स्थानीय तहहरुले आफ्नो वित्तीय जोखिमको विश्लेषण गरी सोको नतिजा आ-आफ्नो वेभसाइटमा प्रकाशन गरिरहेका छन् ।

## स्थानीय तहका विभिन्न योजना तर्जुमामा सहयोग

### आवधिक विकास योजना तर्जुमा

यस आ.व.को लक्ष्य अनुसार स्थानीय तहको आवधिक विकास योजना तर्जुमाका लागि १३ स्थानीय तहले प्रतिष्ठानसँग लिखित समझदारी गरी कार्य अगाडि बढाएका छन् । जसमध्ये ४ स्थानीय तहको आवधिक योजनाको मस्यौदा समेत तयार भईसकेको छ । यी योजना तर्जुमाका लागि स्थानीय तहहरुलाई प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइएको छ । यसै कार्यक्रम अन्तरगत गत आर्थिक वर्षमा २५ स्थानीय तहहरुको आवधिक योजना निर्माण भई कार्यान्वयनमा आएका छन् ।

### राजस्व सुधार कार्ययोजना निर्माण

यस आर्थिक वर्षको लक्ष्य अनुसार ३४ वटा स्थानीय तहको राजस्व सुधार कार्ययोजना निर्माणमा सहयोग गर्ने योजना रहेकोमा यस चौमासिक अवधिमा ३३ स्थानीय तहहरुले प्रतिष्ठानसँग लिखित समझदारी गरी कार्य अगाडि बढाएका छन् । उक्त योजना तर्जुमाका लागि स्थानीय तहहरुलाई प्रदेश तथा स्थानीय शासन सहयोग कार्यक्रमबाट आर्थिक तथा प्राविधिक सहयोग उपलब्ध गराइएको छ । गत आर्थिक वर्षमा ४ वटा स्थानीय तहहरुले राजस्व सुधार कार्ययोजना निर्माण गरी कार्यान्वयनमा ल्याइसकेका छन् ।

### लैससास रणनीति निर्माण

गण्डकी प्रदेश अन्तरगतका ८५ स्थानीय तहमा यस आर्थिक वर्ष भित्रमा लैससास रणनीति निर्माण गरी कार्यान्वयनमा ल्याउने उद्देश्य रहेकोमा यस चौमासिक अवधिमा ६४ स्थानीय तहहरुले प्रतिष्ठानसँग लिखित समझदारी गरेका छन् भने बाँकी स्थानीय तहहरुसँग पनि सझदारी हुने क्रम जारी रहेको छ । समझदारी गरिएका स्थानीय तहहरुले लैससास रणनीति तर्जुमाको कार्य थालनी गरिसकेका छन् र उक्त कार्यका लागि समझदारी अनुरूप प्रतिष्ठानले प्राविधिक सहयोग प्रदान गरिरहेको छ ।

### स्थानीय तहको क्षमता विकास योजना तर्जुमा

स्थानीय तहको भूमिकालाई जवाफदेही र उत्तरदायी बनाउन स्थानीय तह सञ्चालनका विभिन्न अवयवहरु (संस्थागत एवम् संगठनात्मक व्यवस्था, मानव संशाधन तथा भौतिक पूर्वाधार, वित्तीय श्रोत र प्रविधि, कार्यमूलक सम्बन्ध विस्तार र कार्य वातावरणमा सकारात्मक परिवेश विकास) मा सुधार ल्याउन सहयोग पुऱ्याउने उद्देश्यले क्षमता विकास योजना तर्जुमाका लागि २५ स्थानीय तहहरुले प्रतिष्ठानसँग लिखित समझदारी गरी कार्य प्रारम्भ गरेका छन् । सोका लागि प्रतिष्ठानबाट प्राविधिक तथा आर्थिक सहयोग उपलब्ध गराइने छ ।

## प्रतिष्ठानको संस्थागत विकास

### ISO प्रमाणिकरणको लागि आन्तरिक परीक्षण सम्पन्न

प्रतिष्ठानलाई अन्तरार्ष्ट्रियस्तरको मान्यता प्राप्त संस्थाको रूपमा स्थापित गराउने उद्देश्यले आगामी आ.व. २०७९।८० सम्ममा ISO प्रमाण पत्र प्राप्त गर्ने लक्ष्य लिइएको छ । सोही अनुरूप यस



प्रतिष्ठानको गुण व्यवस्थापन प्रणाली, नीति नियम तथा कार्यविधि र आवश्यक मापदण्डहरु तयार गरी कार्यान्वयमा ल्याइएको छ । यसरी कार्यान्वयनमा आएका नीति नियम, कार्विधि तथा मापदण्डहरुको कार्यान्वयनको अवस्था र ISO प्रमाणिकरण हुनको लागि आवश्यक पर्ने मापदण्डहरुको आन्तरिक परीक्षण फाल्गुन महिनामा सम्पन्न भएको छ । उक्त आन्तरिक परीक्षण सफ्ट-टेक प्रा.लि. बाट सम्पन्न भएको थियो । आन्तरिक परीक्षणको प्रारम्भिक प्रतिवेदनको सुझावका आधारमा ISO प्रमाणिकरणका लागि थप तयारी गरी अगाडि बढाइने छ ।

### भवन निर्माण र निर्मित संरचनाको मर्मत संभार

गत २०७७ फाल्गुन १७ गते तत्कालिन प्रधानमन्त्री के.पी. शर्मा ओलीद्वारा शिलन्याश भएको प्रतिष्ठानको बहु-उद्देश्यीय भवनको निर्माण कार्य द्रुत गतिमा भइरेको छ । यस भवनको लागत १९ करोड २१ लाख रहेको छ भने सो भवनमा सभाहल सहित ४६ कोठा रहने छन् । हाल सञ्चालित यस प्रतिष्ठानको भवन जीर्ण अवस्थामा रहेकोले विद्युत लाईन तथा पानीको वितरणमा समस्या रहेको थियो । यस चौमासिक अवधिमा भवनमा रंगरोगनको कार्य, शौचालयको मर्मत, पानीको व्यवस्थापन लगायत मर्मत तथा सम्भार गरी कार्यालय परिसरको सौन्दर्यकरण गर्ने कार्य समेत सम्पन्न भएको छ ।

### सर्भर सिस्टम र वेभसाइटको स्तरोन्नत्ति

ज्ञान व्यवस्थापनका लागि प्रतिष्ठानले आन्तरिक सर्भर सिस्टमको व्यवस्थापन गरी प्रतिष्ठानबाट सम्पन्न सम्पूर्ण कार्यक्रम तथा गतिविधिसँग सम्बन्धित सूचना, तथ्याङ्क, अभिलेख, प्रतिवेदन, प्रकाशन आदि सबैलाई डिजिटल कपीको रूपमा संकलन, संरक्षण र व्यवस्थित गर्ने कार्यको प्रारम्भ गरिएको छ । त्यसैगरी प्रतिष्ठानको वेभसाइटलाई नयाँ फिचर सहित अद्यावधिक गरिएको छ । कर्मचारीहरुको विद्युतीय हाजिरी, प्रशिक्षार्थीहरुको विवरण, तालिमको आवेदन, प्रशिक्षक तथा सहजकर्ताको रोष्टर आदि व्यवस्थापन वेभ एप्लिकेशनबाट नै गर्न सकिने सुविधा सहित प्रतिष्ठानको वेभसाइटको स्तरोन्नती भएको छ । प्रतिष्ठानका सूचना, समाचार तथा स्वतः प्रकाशनहरु समेत वेभसाइटमा नियमित रूपमा अद्यावधिक गर्दै आएका छन् ।